बैठक न ११(२०८१-२०८२)

आज मिति २०८२ साल वैशाख २८ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भिम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री ~~ससिसम बुढा~~ जय कु. कामी | का.वा वडा अध्यक्ष | जय |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | लिला |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | मोती |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | सिर्जना |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | भिम कुमारी |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | काली |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लुहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | डोटे |
| २४ | श्री प्रकाश बटाला | नि प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | श्री सन्त ढवाई | प्रशासकीय अधिकृत | Sant Bahadur |
| २७ | श्री धन [illegible] राना | वरिष्ठ प्रशासन सहायक | |
| २८ | श्री रविन्द्र विक्रम शाही | [illegible] (अधिकृत छैठौं) | |
| २९ | श्री भरत कुमार शर्मा | रोजगार संयोजक | |
| ३० | पूर्ण चन्द | [illegible] | |

निर्णयहरुः

१. भूमि समस्या समाधान आयोग काठमाण्डौंको मिति २०८२।०१।११ च. नं. ४३६ को प्राप्त पत्रानुसार आयोगको मिति २०८२।०१।१० गतेको निर्णयानुसार विगतमा लगत संकलनका लागि ३५ दिने सूचना प्रकाशन भईसकेका स्थानीय तहहरुको हकमा पुनः लगत संकलनको लागि ३५ दिने सूचना प्रकाशन गर्न आवश्यक भए औचित्य र कारण सहित बैशाख मसान्तभित्र माग गर्ने गरी आयोगमा अनुरोध गर्न उल्लेख भई आएको र यस नगरपालिकामा पनि विभिन्न कारणवस केही ब्यक्तिहरुको लगत छुट भएको देखिएकोले छुट लगत संकलनको लागि पुनः सूचना प्रकाशन गरिदिन भूमि सम्बन्धी समस्या समाधान आयोग ताहचल काठमाण्डौंमा अनुरोध गर्ने ।

२. आयोगबाट यस अघि प्रकाशित ३५ दिने सूचनाको म्यादभित्र वडा कार्यालयहरुमा दर्ता भएका सवै आवेदनहरु यस नगरपालिकाको लगत संकलन ईकाइमा नबुझाएकोले जेष्ठ महिनाको पहिलो हप्ताभित्र बुझाई सक्ने र वडाबाट बुझाउन बाँकी तथा अनलाईन इन्ट्री हुन बाँकी आवेदनहरु अतिरिक्त जनशक्ति ब्यवस्था गरेर भए पनि जेष्ठ महिनाको मसान्तभित्र अनलाईन इन्ट्री गर्ने र अनलाईन इन्ट्री भईसकेका वडाहरुबाट अस्थायी निस्सा वितरण लगायत लालपुर्जा वितरणको लागि आवश्यक प्रक्रिया अगाड बढाउन नगरस्तरिय सहजीकरण समितिलाई निर्देशन गर्ने । साथै उक्त कार्यका लागि आवश्यक रकम रु ५ लाख यस चालु आ. व. को विनियोजन ऐन, २०८१ को स्वीकृत संघीय सरकार राजश्व बाँडफाँड अन्तर्गत सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने ।

३. यस नगरपालिकालाई दिगो खानेपानी सरसफाई तथा स्वच्छतायुक्त पालिका निर्माणका लागि नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपियन युनियन र यस नगरपालिकाको संयुक्त साझेदारीमा संचालित सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनाको कार्य सम्पादनलाई प्रभावकारी एवं व्यवस्थित रुपमा संचालन गर्न आवश्यक कार्यविधि, योजना र विनियमहरूको मस्यौदामा कार्यपालिकाका पदाधिकारीहरू, सम्बन्धित क्षेत्रमा कार्यरत विज्ञ/विशेषज्ञहरू र सरोकारवालाहरूसँगको उपस्थितिमा पर्याप्त रुपमा छलफल भई सकेको हुँदा तपसिलमा उल्लेखित कार्यविधि, विनियम र योजनाहरू स्वीकृत गर्ने ।

(क) कार्यविधिहरू:

१. भेरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि-२०८२ ।

२. भेरी नगरपालिकाको ग्रामिण खानेपानी सेवा सहायता केन्द्र तथा मर्मत मर्मत सम्भार र सञ्चालन कोष व्यवस्थापन र परिचालन कार्यविधि- २०८२

३. भेरी नगरपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि- २०८२ ।

(ख) योजनाहरू:

CamScanner

१. भेरी नगरपालिकाको लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशि पञ्च वर्षिय योजना तर्जुमा- (२०८१।०८२ देखि २०८६।८७)

२. पूर्ण सरसफाई प्रवर्धनको लागि भेरी नगरपालिकाको कार्ययोजना- (२०८२-२०८७) ।

(ग) बिनियमः

१. मानव मलमूत्रजन्य फोहर व्यवस्थापन विनियम- २०८२

४. संघीय सरकारको सामाजिक सुरक्षा भत्ताको सुविधाबाट विभिन्न कारणवस अझै पनि केही नगरवासि नागरिकहरु बन्चित भएको देखिएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका योग्य लाभग्राहीहरुलाई समेट्न र समुदायस्तरमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गरि सबै नागरिकको पहुँच सुनिश्चितताका लागि सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लागि योग्य सबै लाभग्राहीहरुको पहुँच सुनिश्चित गर्न निर्माण गरिएको सामाजिक भत्ता वितरण तथा व्यवस्थापन सम्बन्धी आधारभूत कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

५. यस नगर कार्यपालिकाको कार्यालयले खरिद गरि वा अन्य निकायवाट हस्तान्तरण भई प्राप्त भएका जिन्सि सामानहरु पुरानो भई प्रयोग गर्न नमिल्ने वा मर्मत संभार समेत हुन नसक्ने अवस्थामा रहेका र स्टोर गर्न समेत समस्या भएकोले प्रचलित कानून बमोजिम लिलाम प्रक्रिया अगाडी बढाउन कार्यालयलाई स्वीकृति दिने ।

६. खहरेखोला देखि कालेगाउँ खलंगा डोल्पा सडक खण्डको जिरो प्वाईन्ट सम्मको सडक (११६९-सहायक राजमार्ग) को कालोपत्रे पूर्ण रुपमा भत्किन गई हाल सवारी आवागमनमा ज्यादै समस्या सिर्जना भएकोले उक्त सडक मर्मतका लागि आवश्यक बजेट बिनियोजन गरिदिन संघीय सडक डिभिजन कार्यालय चौरजहारीलाई अनुरोध गर्ने।

७. भेरी करिडोर अन्तर्गतको छिन्चु जाजरकोट सडक खण्डको पासागाड खोलामा सडक पुल निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरी बहुवर्षिय टेण्डर प्रक्रिया अगाडी बढाईदिन संघीय सडक डिभिजन कार्यालय चौरजहारीलाई अनुरोध गर्ने ।

८. गत २०८० कार्तिकमा गएको भुकम्पका कारण क्षतिग्रस्त अस्थायी आवास निर्माणका लागि यस नगरपालिकावाट लाभग्राही कायम भएका तर विपद् पोर्टलमा इन्ट्री नभएका लाभग्राहीहरुको विवरण विपद पोर्टलमा इन्ट्री गरी विस्तृत क्षति आँकलन गर्ने व्यवस्था मिलाईदिन जिल्ला विपद व्यवस्थापन समिति तथा राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने ।साथै भुकम्पवाट भएका निजि आवासहरुको बिस्तृत क्षति आँकलन DDA कार्य गर्दा यस अघि वडास्तरमा परिचालन भएका सामाजिक परिचालकहरुलाई एक मुष्ट रु २५०००।- का दरले यस चालु आ. व. को विनियोजन ऐन २०८१ को स्वीकृत संघीय सरकार राजश्व बाँडफाँड अन्तर्गत सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने र बाँकी वडाहरुको DDA गर्दा परिचालन हुने परिचालकहरुलाई समेत सोही शिर्षकबाट भुक्तानी गर्ने ।

CamScanner

९. आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आ व २०८१।८२ मा आवश्यक औषधि खरिदका लागि विघुतिय खरिद प्रक्रियाबाट खरिद गरिएको र टेण्डरदाता सप्लायर्सले कबोल गरेको परिमाण तथा दररेटमा औषधि सप्लाई गरी बाँकी हुन आएको रकमबाट विभिन्न स्वास्थ्य केन्द्रमा आवश्यक थप औषधि उक्त सप्लायर्सबाट कबोल गरेको दररेटमा खरिद गर्न पत्राचार गरिएकोमा उक्त सप्लायर्सले आपूर्ती गर्न असमर्थता जनाएकोले प्रचलित कानून बमोजिम औषधि खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई स्वीकृति दिने ।

१०. मिति २०८२।०१।१८ गते आएको अविरल बर्षाका कारण वडा नं ४ को मुलपानी तथा विजया शाहीको घरनजिक नाला र शान्तिचौतारा वसपार्क नजिक पहिरो गई क्षति पुगेको र वडा नं ३ को रुद्रे खोला र गोगनेखोलाले होलुखोला स्थित खेतमा क्षति पुर्याएकोले क्षति रोकथाम तथा नियन्त्रणका लागि प्राविधिक लगत अनुमान गरी सोको आधारमा श्रोत जुटाई यथाशिघ्र कार्य अगाडी बढाउने ।

११. मालपोत कार्यालय जाजरकोटको मिति २०८१।०१।२१ च नं ३७२ को प्राप्त पत्रानुसार कार्यालय व्यवस्थापन तथा भूमि व्यवस्थापन सुदृढिकरणको लागि रु २,४७,५००।- को प्रस्तावना सहित रकम माग भई आएको र हाल चालु आ. व. को अन्त्यको अवस्थामा नगरपालिकामा बजेट उपलब्ध नभएकोले रु १ लाख ५० हजार रुपैयाँ तालु आ.व. को स्वीकृत विनियोजन ऐनको राजश्व बाँडफाँडतर्फ कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने ।

१२. स्वीस सरकार विकास सहयोग SDC को सहयोगमा संचालित सीप तथा पुनर्निर्माण परियोजना हेल्भेटासको सहयोगमा संचालन हुने भुकम्प प्रतिरोधि भवन सम्वन्धी डकर्मि तालिम यस नगरपालिकाको वडा नं. २ र ६ मा संचालन भई रहेको र ४ र ५ मा संचालन हुने भएकोले तालिमको क्रममा प्रयोगात्मक कार्यका लागि निर्माण गरिने घर विपन्न वर्गबाट छनौट हुने र उक्त घर निर्माणका लागि निर्माण सामग्रि व्यवस्थापनका लागि नगरपालिकाको तर्फबाट कम्तिमा रु १ लाख समपुरक उपलब्ध गराउनु पर्नेमा नगरपालिकाको चालु आ. व. मा उपलब्ध बजेटको अवस्था हेरी रु ५० हजार रुपैयाँका दरले निर्माण हुने नमुना घरका लागि संघीय सरकार राजश्व बाँडफाँड अन्तर्गत कार्यक्रम खर्च शिर्षकबाट शिर्षकबाट उपलब्ध गराउने ।

१३. यस नगरपालिकाको वडा नं ७ मा एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भीटास नेपालको सहयोगमा सागवारी चिसापानी मुहान देखि पुन्मा र उत्तिसेनी पानी मुहान देखि पुन्मा खानेपानी योजना हाल निर्माणाधिन अवस्थामा रहेको र उक्त योजनाहरुबाट सोही वडाको तल्लो स्याँला स्याउलीबजार वस्ती नसमेटिने भएकोले उक्त बस्तीमा समेत खानेपानी योजना निर्माण गरिदिन एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भीटासलाई अनुरोध गर्ने ।

१४. नगरपालिका क्षेत्रमा बसोबास गर्ने अपाङ्गता भएका नागरिकहरुको हक हित संरक्षणका लागि अपाङ्गमैत्री नीति कार्यक्रम तथा बजेट तर्जुमाका लागि लक्षितहरुको तथ्याङ्क आवश्यक पर्ने भएकोले NNSWA संगको साझेदारीमा अपाङ्गता सम्वन्धी विस्तृत नगर प्रोफाईल तर्जुमा गर्ने ।

१५. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस नगरपालिकामा आर्थिक वर्ष २०८२।८३ मा कार्यान्वयन हुने गरी 'मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि-२०८२' बमोजिम वडाबाट सिफारिस भएका निम्नानुसारका योजनाहरू स्वीकृतिका लागि कर्णाली प्रदेश, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सुर्खेतको अनलाईन प्रणाली मार्फत सिफारिस गर्ने ।

तपशिल

| क्र.स. | योजनाको नाम | वडा नं. | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पिपे, खिरखिरे मैदे पदमार्ग निर्माण योजना | १ | १५००००० | |
| २ | स्वास्थ्यचौकी बाहुनथानाको भवन अगाडीको पहिरो नियन्त्रणका लागि ग्याबिन जाली निर्माण योजना | २ | १५००००० | |
| ३ | वरदाइरी डाँडा देखि खत्रीबारा सम्म तटवन्ध निर्माण योजना | ३ | १५००००० | |
| ४ | बागलुङ होटलदेखि काजिबारा पदमार्ग निर्माण | ४ | १५००००० | |
| ५ | इवर तरकारी खेति संकलन केन्द्र निर्माण योजना | ५ | १५००००० | |
| ६ | कुयन खुमारा डाँडाखेत बागदुला संचाई निर्माण योजना | ६ | १५००००० | |
| ७ | दहको गोरेना देखि भावर खेत सम्म तटवन्धन निर्माण योजना | ७ | १५००००० | |
| ८ | रहखोला देखि चिनावोरी सिंचाई कुलो निर्माण योजना | ८ | १५००००० | |
| ९ | काफ्लीगाड, घोरनेटा, जार्ज, लामाकाटीया, खालीपाखा, मदानेसिमल, खानेपानी अधुरो कार्य निर्माण योजना | ९ | १५००००० | |
| १० | सिम्लीखोला देखि राउतगाउँ सम्म संचाईकुलो मर्मत योजना | १० | १५००००० | |
| ११ | साँधेखोला देखि सल्लीपाखा, पेटारीपाखा, धुलेउट, करगाउँ, महतारागाउँ, कार्कीगाउँ, खोदा हुँदै सानीचौर, तिमिलेचौर सम्म खानेपानी निर्माण योजना | ११ | १५००००० | |
| १२ | मुलाखोला देखि धारापानी बारेलासम्म खानेपानी निर्माण योजना | १२ | १५००००० | |
| १३ | छहरी कुदु खानेपानी मर्मत योजना | १३ | १५००००० | |

CamScanner